नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-

## शुभकामना

**"सुरक्षित आप्रवासनको आधार, सूचना र सीप सहितको रोजगार"** भन्ने मुल नाराका साथ मनाइरहेको अन्तर्राष्ट्रिय आप्रवासन दिवस, २०२४ को अवसरमा देश-विदेशमा रहेका सम्पूर्ण नेपाली आप्रवासी कामदारहरू, उहाँहरुका परिवारजन तथा आप्रवासनसँग सम्बन्धित सबै सरोकारवालाहरूलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

नेपाल सरकार श्रम आप्रवासनलाई सुरक्षित, मर्यादित, र व्यवस्थित बनाउन निरन्तर प्रयत्नशील छ। यस दिशामा श्रमिकहरूको अधिकार संरक्षण, सीप विकास तथा फर्किएका श्रमिकहरूको पुनःस्थापनाका कार्यक्रमहरूलाई प्राथमिकतामा राखिएको छ। द्विपक्षीय श्रम सम्झौता, श्रम कानुनहरूको पुनरवलोकन, अन्तर्राष्ट्रिय श्रम सम्वन्धित समूहहरूमा सक्रिय सहभागिता तथा पूर्व-प्रस्थानदेखि पुनःस्थापनासम्मका कार्यक्रमहरूको कार्यान्वयनमा नेपालले महत्वपूर्ण र अग्रणी भूमिका निर्वाह गर्दै आएको छ।

यस दिवसको अवसरमा, म सम्पूर्ण आप्रवासी नेपालीहरूलाई आफ्नो सुरक्षा र अधिकारप्रति सचेत रहनु हुन अनुरोध गर्दछु। साथै, नेपाल सरकार श्रमिकहरूको हकहित र मर्यादित आप्रवासन सुनिश्चित गर्न गन्तव्य देशहरूसँग आवश्यक सहकार्य र समन्वय गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछु।

मिति २०८१/०९/०२

मुकुन्द प्रसाद निरौला
सचिव

टेलिफोन नं.:- ०१-४२११९६३, ०१-४२००५९५, फ्याक्स नं.:- ०१-४२११८७७, टोल फ्रि नं.:- १६६००१५०००५, श्रम कल सेन्टर फोन:- ११४१
ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेव साईट:- www.moless.gov.np

CamScanner